NEW YORK STATE OF OPPORTUNITY. | Department of Financial Services

## घरको मर्मतसम्बन्धी धोखाहरूका बारेमा सावधान हुन निम्न कुरामा सतर्क गराउँछन्

कन्ट्राक्टरहरूका बारेमा अनुसन्धान गर्नुहोस् | वरिपरिको पसलमा बुझ्नुहोस् | लिखित करार गर्नुहोस् | दबावमा नआउनुहोस्

**चेतावनीका सङ्केतहरू – निम्न कुराहरू गर्ने तथा निम्नखाले कन्ट्राक्टर वा बिक्रेताबाट बच्नुहोस्ः**

- मर्मत कार्यहरू प्रस्ताव गर्दै तपाईंको ढोका ढकढकाउने वा तपाईंलाई फोन कल गर्ने।
- तपाईंलाई मर्मत कार्यहरू तुरुन्तै गर्नुपर्छ भन्ने।
- तपाईंलाई भ्रममा पार्नका लागि एकदमै छिटो-छिटो कुरा गर्ने र तुरुन्तै करारमा हस्ताक्षर गर्न दबाव दिने।
- तपाईंको छिमेकमा काम गरिरहेको र अर्को कामबाट अतिरिक्त सामग्रीहरू बचेको कुरा तपाईंलाई भन्ने।
- तपाईंले अन्य मानिसहरूलाई उनीहरूको सिफारिस गरेमा तर तपाईंले आजै खरिद गर्नुभएको खण्डमा मात्र छुटप्राप्त मूल्य प्रस्ताव गर्ने।
- तपाईंलाई सोचेभन्दा राम्रो हुने केही कुराहरू भन्ने। यो सोचेभन्दा राम्रो हुने, यो पक्कै पनि त्यस्तै हुने!
- स्थापित स्थानीय व्यवसाय नभएको तर “मद्दत” गर्नका लागि अन्य कतैबाट यो क्षेत्रमा आएको।

**आफूलाई यस्ता धोखाहरूबाट सुरक्षित गर्नका लागिः**

- NYC, Nassau, Suffolk, Putnam, Rockland, Westchester का इजाजतपत्र प्राप्त नभएका कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस् – यी भनेका इजाजतपत्र आवश्यक गरिएका राज्यका क्षेत्रहरू हुन्। इजाजतपत्र प्राप्त नभएका कन्ट्राक्टरहरू ती क्षेत्रहरूमा गैर-कानुनी रूपमा काम गरिरहेका हुन्छन्।
- सन्दर्भहरू नभएका वा सन्दर्भहरूमाथि पहुँच गर्न नसकिने कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्।
- लिखित करारको कुनै आवश्यकता नभएको कुरा बताउने कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्। कानुनअनुसार, $500 वा सोभन्दा बढी रकमका सबै करारहरू लिखित रूपमा गरिएको हुनुपर्छ तर स-साना परियोजनाहरूका लागि पनि लिखित करार प्राप्त गर्नु राम्रो उपाय हुन्छ।
- पोस्ट बाकस ठेगाना वा सेल फोन नम्बर मात्र भएका कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्।
- बीमाको प्रमाण नदेखाउने कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्।
- तपाईंलाई भवनका आवश्यक अनुमतिपत्रहरू प्राप्त गर्नका लागि अनुरोध गर्ने कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्। यी व्यवहारहरूले उक्त कन्ट्राक्टरसँग इजाजतपत्र नभएको वा खराब ट्र्याक रेकर्ड भएको र यसकारण स्थानीय भवनको निरीक्षकसँग सम्झौता गर्न अनिच्छुक भएको भन्ने हुन सक्छ।
- उक्त कन्ट्राक्टरले सबै आवश्यक अनुमतिपत्रहरू प्राप्त गरेको कुरा आफ्नो स्थानीय भवन विभागसँग प्रमाणित गर्नुहोस्।
- काम सुरु गर्नु अगावै सामग्रीहरू खरिद गर्नका लागि पैसा माग्ने कन्ट्राक्टरहरूबाट सावधान रहनुहोस्। विश्वसनीय, स्थापित कन्ट्राक्टरहरूले क्रेडिटमा सामग्रीहरू खरिद गर्न सक्छन्।
- काम सुरु गर्नु अगावै अग्रिम रूपमा नगद भुक्तानी वा पूरै भुक्तानी माग्ने कन्ट्राक्टरहरूलाई काममा नलगाउनुहोस्। बरू, काम पूरा नहुन्जेल प्रारम्भिक नगद भुक्तानी र पछि बढाइएको भुक्तानी प्रदान गर्ने हिसाबले भुक्तानी तालिकामा सहमति जनाउने कन्ट्राक्टर खोज्नुहोस्।
- तपाईंले अन्तिम अवस्था निरीक्षण नगरुन्जेल, सबै पूरा गरिएको कार्य स्वीकृत नगरुन्जेल र सबै आवश्यक निरीक्षण र अधिभोगका प्रमाणपत्रहरू तपाईंलाई डेलिभर नगरुन्जेल सधैँ अन्तिम भुक्तानी रोकेर राख्नुहोस्।

## तपाईंको घरको मर्मत गर्ने कन्ट्राक्टर खोज्नका लागि यो जाँचसूची पालना गर्नुहोस्

कन्ट्राक्टरको जाँचपडताल गर्नुहोस्:

- ☐ उनीहरू कति समयदेखि व्यवसायमा छन् सोध्नुहोस्
- ☐ सन्दर्भहरू माग्नुहोस्
- ☐ सन्दर्भहरू जाँच गर्नुहोस्!
- ☐ अनलाइन संसाधनहरू खोज्नुहोस्
- ☐ उनीहरूले आफ्नो कामको ग्यारेन्टी वा वारेन्टी दिन्छन् वा दिँदैन भनी सोध्नुहोस्

उनीहरूको निम्न अवस्था सुनिश्चित गर्नुहोस्:

- ☐ इजाजतपत्र प्राप्त भएको
- ☐ अनुबद्ध भएको
- ☐ बीमाकृत भएको

निम्न कुराहरू देखाउन भन्नुहोस्:

- ☐ बीमा पोलिसी वा बीमाको प्रमाणपत्र

अनुमानहरू प्राप्त गर्नुहोस्:

- ☐ कम्तीमा दुई वटा अनुमान प्राप्त गर्नुहोस्

लागत, सामग्री र विधिहरू तुलना गर्नुहोस्

निम्न कुराहरू भएको लिखित करार माग गर्नुहोस्:

- ☐ गरिने कामको विस्तृत विवरण
- ☐ वास्तवमै प्रयोग गरिने सामग्रीहरू र तिनीहरूको गुणस्तर
- ☐ काम सुरु गर्ने मिति र काम पूरा हुने अनुमानित मिति
- ☐ मूल्य
- ☐ भुक्तानीका प्रबन्धहरू
- ☐ वित्त शुल्कहरू (लागूयोग्य भएमा)

तपाईंले करार हस्ताक्षर गर्नुअघिः

- ☐ करार आफै पढ्नुहोस् (तपाईंलाई पढेर सुनाउने बिक्रेताको भर नपर्नुहोस्)
- ☐ तपाईंले करारमा भएका सबै कुराहरू बुझेको सुनिश्चित गर्नुहोस्

निम्न अवस्था भएको करारमा हस्ताक्षर नगर्नुहोस्:

- ☐ जानकारी छुटेको वा खाली पृष्ठहरू भएको
- ☐ तपाईंले नबुझ्ने
- ☐ तपाईंले कन्ट्राक्टरसँग छलफल गर्नुभएकोभन्दा भिन्न भएको

निम्न कुराहरूका प्रतिलिपिहरू राख्नुहोस्:

- ☐ तपाईंले हस्ताक्षर गर्नुभएको करार
- ☐ अन्य सबै हस्ताक्षर गरिएका कागजातहरू
- ☐ काम वा सामग्रीहरूको ग्यारेन्टी वा वारेन्टी

परियोजना पूरा भएपछिः

- ☐ काम सही तरिकाले गरिएको छ भनी सुनिश्चित गर्नका लागि निरीक्षण गर्नुहोस्
- ☐ तपाईंको सन्तुष्टिमा काम पूरा नहुन्जेल अन्तिम भुक्तानी नगर्नुहोस् वा काम पूरा भएको प्रमाणपत्रमा हस्ताक्षर नगर्नुहोस्

धेरैजसो कम्पनीहरूले निःशुल्क निरीक्षण र लिखित अनुमानहरू प्रदान गर्छन् - कुनै कन्ट्राक्टर छनोट गर्नुअघि दुई वा तीन वटा प्राप्त गर्नुहोस्। न्यूनतम मूल्य नै सधैँ उत्कृष्ट सम्झौता हुँदैन। तपाईंको घरको लागि कुन-कुन सामग्री र विधिहरू उत्कृष्ठ हुन्छन् भन्ने बारेमा छलफल गर्नका लागि भिन्न-भिन्न कम्पनीहरूद्वारा सुझाव गरिएका लागत, सामग्री र विधिहरू तुलना गर्नुहोस्।

तपाईं धोखाबाट पीडित हुनुभएको छ भने

तपाईंलाई आफू धोखाबाट पीडित भएको लाग्छ भने तुरुन्तै वकीललाई सम्पर्क गर्नुहोस्। बिक्रीहरू रद्द गर्न र कानुनी दाबीहरू अनुसरण गर्नका लागि समय सीमाहरू हुन्छन्।

वित्तीय सेवा विभाग, तपाईंको जिल्ला अधिवक्ता वा न्यायाधिवक्ताको कार्यालयमा सम्पर्क गर्नुहोस्।

तपाईंलाई गृह सुधार कन्ट्राक्टरसँग समस्या भएमा र आफै सुल्झाउन नसकेमा, तपाईं www.dos.ny.gov मा गएर अनलाइनमार्फत वा (800) 697-1220 मा फोन गरेर न्यूयोर्क राज्य विभागमा उजुरी दायर गर्न सक्नुहुन्छ।

आफ्ना पोलिसी वा दाबीहरूका बारेमा रहेका विशिष्ट प्रश्नहरूका जवाफहरू पाउनका लागि आफ्नो बीमा कम्पनी, एजेन्ट वा ब्रोकरलाई सम्पर्क गर्नुहोस्।

तपाईंलाई थप मद्दतको आवश्यकता भएमा, न्यूयोर्क राज्य वित्तीय सेवा विभागलाई (800) 342-3736 मा सोमबारदेखि शुक्रबारसम्म बिहान 9 बजेदेखि र दिउँसो 4:30 बजेसम्म फोन गर्नुहोस्।

बैंकिङ तथा बीमासम्बन्धी समस्याहरूसहित प्रकोपसम्बन्धी प्रश्नहरूका लागि, DFS प्रकोप हटलाइनमा सातै दिन चौबिसै घण्टा यस नम्बरमा फोन गर्नुहोस्: (800) 339-1759